फोन नं. ०९९४००१८९

# दोधारा चाँदनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दोधाराचाँदनी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.: २०८०।०८१ कृषि विकास शाखा
च.नं.:

नगर कार्यपालिकाको कार्यालय दोधारा चाँदनी, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

मितिः २०८०।१०।२९
ने.सं. ११४४ सिलाध्व ,३ सोमबार

**पकेट क्षेत्रमा खोर/गोठ सुधार कार्यक्रम सहभागी हुन आवेदन दिने बारे**

सूचना। सूचना।। सूचना।।।

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/१०/२९ )

यस दोधारा चाँदनी नगरपालिका पशु विकास शाखाको आ. व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत 'स्थानीय तहमा विनियोजन प्रदेश सशर्त अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८०' बमोजिम तपसिल बमोजिमको अनुदान रकमको सिमा र प्रतिशतमा **"पकेट क्षेत्रमा खोर/गोठ सुधार कार्यक्रम"** सञ्चालन गरिने भएकोले इच्छुक कृषक, कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी, र कृषि उद्यमी (फर्म वा कम्पनी) हरूले तपसिल बमोजिमका कागजातहरू अनुदानग्राही आफैले प्रमाणित गरी संलग्न यो सूचना प्रकशन भएको मिति देखि १५ (पन्ध्र) दिन भित्र (आवेदन दिने अन्तिम मितिः २०८०/११/१४ गते) यस पशु विकास शाखामा आवेदन पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघि आएका आवेदन माथि कुनै कारबाही नहुने व्यहोरा जानकारी गराइन्छ।

तपसिलः

क अनुदान रकमको सिमा र प्रतिशतः

| क.सं. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | |
|---|---|---|---|
| | | निजी | समूह/सहकारी |
| २. | खोर/गोठ सुधार सहयोग कार्यक्रम | ५० | ७५ |

ख आवश्यक कागजातहरू-व्यक्तिगत कृषक/कृषक समूहको हकमाः

१. कार्यक्रममा सहभागिताको लागि निवेदन,

२. प्रस्ताव फारम

३. व्यक्तिको हकमा नागरिकता र समूहको हकमा समूह दर्ता प्रमाण पत्रको प्रतिलिपि,



गणेश दत्त मिश्र
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०९९४००१८९

# दोधारा चाँदनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दोधाराचाँदनी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.: २०८०।०८१ कृषि विकास शाखा
च.नं.:

दोधारा चाँदनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय दोधारा चाँदनी, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

४. समूहको निर्णय प्रतिलिपि,

५. समूहले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाइएको अख्तियारी पत्र,

६. व्यक्तिगत कृषक तथा अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो १ प्रति,

७. यदि समूहको कुनै सदस्यले एकल रुपमा अनुदान लिन चाहेमा समूहको निर्णाय सहितको सिफारिस पत्र पेश गर्नु पर्ने,

८. सम्बन्धित वडा कार्यालयको सिफारिस।

९. स्वघोषणा-पत्र

**ग आवश्यक कागजातहरू-कृषि कार्यमा संलग्न सहकारी, र कृषि उद्यमी (फर्म वा कम्पनी)को हकमा )**

१०निवेदन,

११प्रस्ताव फारम,

१२संस्था वा फर्म, कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

१३संस्था वा फर्म, कम्पनीको प्यान वा भ्याट प्रमाण पत्रको प्रतिलिपि,

१४लेखापरिक्षणको प्रमाणित प्रतिलिपि,

१५गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,

१६संस्था वा फर्म, कम्पनीको निर्णायको प्रतिलिपि,

१७संस्था वा फर्म, कम्पनीले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाएको अख्तियारी पत्र,

१८अख्तियारी प्राप्त पदाधिकारिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो १ प्रति

१९ वडा कार्यालयको सिफारिस।

२०स्वघोषणा-पत्र

गणेश दत्त मिश्र
प्रमुख प्रशासकीय अधिकृत

गणेश दत्त मिश्र
प्रमुख प्रशासकीय अधिकृत

Email: agriculture.dcm@gmail.com
dcmun1015@gmail.com
website: www.dodharachandanimun.gov.np